# स्थानीयराजपत्र

## परशुरामनगरपालिकाबाट प्रकाशित

खण्डः २संख्याः१५ मितिः २०७६/११/२१

जोगबुडा, डडेल्धुरा, सुदूरपश्चिमप्रदेश, नेपाल

भाग१

स्थानीय सरकार

**परशुराम नगरपालिकाको सहकारी ऐन २०७४ लाई संसोधन गर्न बनेको ऐन**

प्रस्तावना: परशुरामन गरपालिकाको सहकारी ऐन, २०७४ लाई संसोधन गर्न वाञ्छनिय भएकाले,

परशुराम नगरपालिकाको छैटौं नगरसभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः**(१) यस ऐनको नाम "परशुराम नगरपालिकाको सहकारी (पहिलो संसोधन)ऐन, २०७६ रहेको छ ।

२ यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।



**२.परिभाषाः**

(च१)लाई थप गरि "नगरपालिका " भन्नाले परशुराम नगरपालिका सम्झनुपर्छ भन्ने राखिएको।

(ब) को संघको परिभाषा परिवर्तन गरी "संघ" भन्नाले विषयगत सहकारी संस्थाहरुको सञ्जालका रुपमा स्थापित नगरस्तरीय संघलाई सम्झनुपर्छ। नगरभित्र कार्य क्षेत्र भएका सहकारी संस्थाहरु वा विषयगत सहकारी संघहरुको सञ्जालको रुपमा स्थानीय सहकारी संघ समेतलाई जनाउनेछ भनी राखिएको ।

३. **संस्थाको गठन** :(१) कम्तीमा २५ जना भन्ने हटाइ तीस जना राखिएको।

(२)उपदफा (१) सहकारी संस्थाको हकमा १० भन्ने जना हटाइपन्ध्र जना राखिएको ।

११. **विषयगत आधारमा वर्गीकरणः**

दफा (५) लाई परिवर्तन गरि विषयगत सहकारी सङ्घहरु र अन्य प्रारम्भिक सहकारी संस्थाहरुको नगर सहकारी संघ गठन गर्न सकिनेछ भनी राखिएको।

दफा (६) लाई परिवर्तन गरी सहकारी संघ दर्ता प्रचलित कानून बमोजिम गरिनेछ भनी व्यवस्था गरिएको।

प्रमाणिकरण मितिः २०७६।१२।१४

आज्ञाले

तारानाथ पनेरु

प्रमुख प्रशासकीय अधिकृत

परशुराम नगरपालिका